आज मिति २०८२ पौष १७ गते विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ बमोजिम गठन भएको जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याल [redacted] को अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थितिः

क्र.सं.	पद	नामथर	कार्यालय	दस्तखत	सम्पर्क नं.
१	प्र.जि.अ.	श्री गणेश अर्याल	श्री जिल्ला प्रशासन कार्यालय, चितवन		
२	स.प्र.जि.अ.	श्री चिरञ्जीवी शर्मा	श्री जिल्ला प्रशासन कार्यालय, चितवन		
३	स.प्र.जि.अ.	श्री चूडामणि शर्मा गौतम	श्री जिल्ला प्रशासन कार्यालय, चितवन		
४	स.प्र.व.उ.	श्री भरत खनिया	श्री स.प्र.वल नेपाल विपद् व्यवस्थापन तालिम शिक्षालय, कुरिनटार		
५	प्रमुख सेनानी	श्री दिनेश लामा	श्री नयाँ सबुज गण, भरतपुर ब्यारेक		
६	प्रहरी उपरिक्षक	श्री गोविन्द पुरी	श्री जिल्ला प्रहरी कार्यालय, चितवन		
७	सशस्त्र प्रहरी नायब उपरिक्षक	श्री ~~धिरेन्द्र राज न्यौपाने~~ सुदन भारती	श्री सशस्त्र प्रहरी बल, हे.क्वा. १७ नं. गण,		९८६५५२३१११
८	उप-अनुसन्धान निर्देशकल	श्री सुरेश कुमार तिवारी	श्री राष्ट्रिय अनुसन्धान जि.का., चितवन		९८५५०११२११
९	विपद सदस्य	वसन्त व. राना मगर	रत्ननगर न.पा चितवन		९८४५०४४०६६ ९६४९८४८५९९
१०	नि.प्र.ए.अ.	हेम राज आचार्य	चितवन राष्ट्रिय निकुञ्ज कार्यालय		९८४५३४८५६५
११	डि.प्र.	नारायण प्र. लामिछाने	सडक डिभिजन भरतपुर		9851177857
१२	इन्जिनियर	मिलन घतानी	सडक डिभिजन भरतपुर		9766388569
१३	डि.के.अ.	विष्णु प्र. आचार्य	डि.के.अ. चितवन		9855057215

क्र.सं.	पद	नामथर	कार्यालय	दस्तखत	सम्पर्क नं.
१४	इन्जिनियर	चुडामणी [illegible]	सिंचाई डिभिजन	[illegible]	९८५५०३२२५०
१५	इन्जिनियर	राजेन्द्र पौडेल	ओखर्ग-जगतपुर भूमिगत आयोजना	[illegible]	
१६	[illegible]	नरहरि [illegible]	[illegible] कार्यालय	[illegible]	९८६८०७१४६७
१७	सि. डि. ई.	प्रकाश [illegible]	सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजना, चितवन	[illegible]	9855055111
१८	इन्जिनियर	सागर पौडेल	"	[illegible]	9840070386
१९	कार्यालय प्रमुख	[illegible]	कृषि विकास कार्यालय, चितवन	[illegible]	[illegible]
२०	निमित्त निर्देशक	डा. अंकुर पौडेल	बकुलहर रत्ननगर अस्पताल	[illegible]	9851352486
२१	जनस्वास्थ्य प्रशासक	निर्मल घिमिरे	जनस्वास्थ्य कार्यालय, चितवन	[illegible]	9845240032
२२	ईन्जिनियर	[illegible] सापकोटा	भरतपुर वितरण केन्द्र, ने.वि.प्रा.	[illegible]	९८४५२००१०६
२३	प्र.प्र.अ.	जगत प्र. [illegible]	माडी नगरपालिका	[illegible]	९८५५०५०३०६.
२४	आयोजना प्रमुख	[illegible] के. सी.	[illegible] सिंचाइ आयोजना	[illegible]	९८५५०६५५२२
२५	[illegible]	[illegible]	भरतपुर महानगरपालिका	[illegible]	९८४५०५४११०.
२६	सभापति	हरि प्र. पौडेल	नेपाल [illegible]	[illegible]	९८५५०५१५०९
२७	उपाध्यक्ष	विशाल चापागाई	चितवन उद्योग संघ	[illegible]	९८५१० ६८३८९
२८	म. वि. अ.	[illegible] ओली	पशु सेवा कार्यालय भरतपुर चितवन	[illegible]	९८६५६४१५८३

क्र.सं.	पद	नामथर	कार्यालय	दस्तखत	सम्पर्क नं.
२९	इन्जिनियर	अमृत भण्डारी	खानेपानीतथा ढल व्यवस्थापन कार्यालय चितवन	[signature]	9846382866
३०	प्र०प्र०अ०	सुरेन्द्र प्रधान	राप्ती न०पा०	[signature]	९८५५०४३९९९
३१	इन्जिनियर	राजेश कोइराला	कालीका नं. पा.	[signature]	9855061775
३२	क्र.प्र०	वीरेन्द्र कु. चौधरी	पूर्वाचार नि. कार्यालय	[signature]	9855083820
३३	इन्जिनियर	सन्तोष कुमार यादव	सघन शहरी तथा भवन निर्माण आ. योजना	[signature]	9845431509
३४					
३५					
३६					
३७					
३८					
३९					
४०					

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

मिति २०८२।०९।१७ गते बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकको निर्णयहरुः

१. शीतलहरबाट उत्पन्न हुन सक्ने सम्भावित जोखिम, असर र प्रभावको न्यूनीकरण गर्न र नागरिकको जीउधनको सुरक्षा तथा मानवीय सहयोगको लागि जोखिम न्यूनिकरण, पूर्व तयारी र प्रतिकार्यका लागि सम्बन्धित स्थानीय तहहरुले आवश्यक समन्वय एवं व्यवस्थापन गर्ने।

२. विपद्को समयमा हुन सक्ने जन धनको क्षति र थप क्षति हुन नदिन तत्काल आश्रय स्थल एवं आवश्यक विपद्जन्य उद्धार समाग्रीहरुको आकस्मीक खरिद एवं भण्डारणको व्यवस्था स्थानिय तहहरु एवं सम्वन्धित विषयगत कार्यालयहरुले मिलाउने र अन्य मौजुदा मेशिनरी औजारहरु सम्बन्धित निकायहरुले तयारी अवस्थामा राख्ने,

३. आ.व. २०८२।८३ अन्तर्गत २०८२ श्रावण देखि हालसम्म जिल्ला विपद् व्यवस्थापन कोषबाट विपद्को समयमा तत्काल राहत स्वरुप खर्च भएको रकम रु. ४५,०००/- (अक्षरुपी पैंचालिस हजार रुपैया मात्र) अनुमोदन गर्ने निर्णय गरियो।

४. शितलहरबाट प्रभावित वृद्ध, विपन्न नागरिकहरुलाई वितरण प्रयोजनार्थ जिल्ला प्रशासन कार्यालय, चितवनबाट यसपूर्व खरिद गरिएका ४० थान ब्ल्यांकेट खरिद गर्दा लगेको बील भरपाई बमोजिमको रकम रु. ५८,८००/- (अक्षरुपी अन्ठाउन्न हजार आठ सय रुपैया मात्र) अनुमोदन गर्ने। वितरण प्रयोजनार्थ कम्बल उपलब्ध गराउने नेपाल रेडक्रस सोसाइटी चितवन शाखा, रेवान सौराहा र सपना भिलेज सौराहा चितवनलाई धन्यवाद दिने।

५. नागढुङ्गा मुग्लिङ सडक योजना (पश्चिम खण्ड) मुग्लिङ, चितवनको च.नं. ३६, मिति २०८२।०९।०२ गतेको पत्रानुसार सडक निर्माणको लागि सडक विस्तारका लागि सीमा भित्रका रुखहरु हटाउनका लागि आवश्यक सहयोग गरिदिन लेखी आएकोमा नारायणगढ-मुग्लिङ्ग सडक खण्डका दाँया-बाँया रहेका रुखहरु ढलेर धन-जनको क्षती हुन सक्ने जोखिम तथा सवारी आवागमनमा अवरोध आउन सक्ने हुँदा उक्त रुखहरु हटाउन डिभिजन वन कार्यालय, चितवनमा सिफारिस गर्ने निर्णय गरियो।

६. नारायणगढ-मुग्लिङ सडक खण्डको तुइनखोलामा निरन्तर सुख्खा र लेदो पहिरो समेत गइरहने, ती स्थानहरुमा रातको समयमा समेत सवारी आवागमन हुने हुँदा उक्त समयमा उत्पन्न जोखिमलाई मध्यनजर गरी;
   - तुइनखोलामा पर्याप्त बत्तिको प्रबन्ध नेपाल विद्युत प्राधिकरण, भरतपुर र सडक डिभिजन भरतपुरले समन्वयात्मक रुपमा गर्ने,
   - नागढुङ्गा मुग्लिङ्ग सडक योजना (पश्चिम खण्ड) घोप्टेभिरमा नागढुङ्गा मुग्लिङ्ग सडक योजना (पश्चिम खण्ड) बाट उपयुक्त प्रबन्ध गरी बत्तिको प्रबन्ध मिलाउने।

७. देवघाट क्षेत्र विकास समितिको च.नं. ६९, मिति २०८२।०८।१० गतेको पत्रानुसार देवघाटधाममा आउने तीर्थयात्री तथा स्थानीय व्यवसायीहरुको सुरक्षालाई मध्यनजर गरी उक्त सडक खण्डका दायाँ-बायाँ रहेका जोखिमयुक्त रुखहरु व्यवस्थापनका लागि लेखी आएकोमा देवघाट क्षेत्र विकास समिति र डिभिजन वन कार्यालयले उपयुक्त समन्वय गरी जोखिमयुक्त अवस्थामा रहेका रुखहरुमध्ये नकाटी नहुने प्रकृतिका रुख एवं रुखका हाँगा-बिँगाहरु सुरक्षित तरिकाले काम गरी हटाई जोखिम निवारण गर्ने/गराउने।

८. वर्षेनी जस्तै हुने गरेको वन डढेलो नियन्त्रण तथा रोकथाम गर्न सम्बन्धित पालिका र अन्य सबै सरोकारवालाहरुलाई समन्वयात्मक रुपले अगाडी बढ्न अनुरोध गर्ने।

९. नारायणी नदीको तटबन्ध निर्माणको कार्य निर्माण सामग्री ठुला ढुङ्गा (Big Bolder) को अभावमा अगाडी बढ्न नसकेकोले आयोजना कार्यालयलाई आ-आफ्नो पालिकाको विग बोल्डरहरु नियमानुसार उपलब्ध गराउन सबै पालिकाहरुमा अनुरोध गरी पठाउने। आयोजना कार्यालयले सम्बन्धित निर्माण व्यवसायी तथा पालिकासँगको समन्वयमा पारदर्शी रुपमा त्यस्तो सामग्री उत्खनन/प्रयोगको प्रबन्ध मिलाउने।

१०. माडी नगरपालिका वडा नं. ३ बसन्तपुरस्थित नक्सा नं. ३/ख कित्ता नं. ९ को संलग्न ट्रेस र विवरण बमोजिमको जग्गामा हाल माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बघौडा अस्पताल, माडी क्याम्पस, माडी माध्यमिक विद्यालयहरुले संरचना निर्माण गरेको र चर्चेको अवस्था रहेकोले उक्त जग्गा तत्-तत् निकायहरुलाई उपयोगका लागि प्रदान गर्दा उक्त जग्गाहरु विपद् प्रयोजनार्थ प्रयोगमा नआउने तथा विपद् व्यवस्थापनको कार्यमा प्रतिकुल असर नपर्ने व्यहोराको सिफारिस सम्बन्धित निकायमा उपलब्ध गराउने निर्णय गरियो।

११. मुग्लिङ्ग-नारायणगढ सडक खण्डमा पर्ने तुइन खोला, नाम्सी खोला लगायतका विभिन्न ठाउँहरुमा रहेको पहिरोको जोखिम कम गर्ने एवं रोकथाम गर्ने कार्य अगाडी बढाउन सडक डिभिजन भरतपुर मार्फत सडक विभागलाई अनुरोध गर्ने।

१२. देवघाट क्षेत्रस्थित त्रिशुली नदीमा रहेको झोलुङ्गे पुल जिर्ण अवस्थामा पुगेको, उक्त पुलबाट मोटरसाईकल आवत-जावत गर्दा पैदलयात्रीहरुलाई असर परिरहेको, उक्त पुलबाट मोटरसाईकलको आवागमन रोकिदिनका लागि देवघाट क्षेत्र विकास समितिबाट अनुरोध भइआएको, आसन्न माघेसंक्रान्ती पर्वका समयमा हुने तिर्थयात्रीहरुको अत्याधिक भिडका कारण समेत उक्त पुलमाथि थप चाप पर्ने देखिएकोले पुलको चितवनतर्फको प्रवेश बिन्दु नजिक उपयुक्त प्रबन्ध गरी मोटरसाईकलको आवागमन रोक्ने भरतपुर महानगरपालिकालाई अनुरोध गर्ने। यस कार्यमा देवघाट क्षेत्र विकास समिति र जिल्लास्थित सुरक्षा निकायहरुले उपयुक्त समन्वय गर्ने/गराउने